


*बागवानीबाट प्रेरित, Franklin Park Conservatory and Botanical Gardens जीवनको गुणस्तर उच्च पार्दै शैक्षिक, सांस्कृतिक र सामाजिक अनुभवहरूमार्फत समुदायहरूलाई जोड्ने काम गर्छ।*

## कन्जर्वेटरी भवन

कन्जर्वेटरीका बायोमहरूमा धर्तीको सौन्दर्य र प्राकृतिक विविधता अवलोकन गर्नुहोस्। विभिन्न वातावरण प्रतिनिधित्व गर्ने 400 भन्दा बढी वनस्पति प्रजातिहरू ग्लास ग्रीनहाउसमा प्रदर्शित छन्। ओहायोको मुटुमा आगन्तुकहरूले वर्षैभरि कुनै पनि समय अमेरिकी दक्षिणपश्चिमको सुक्खा मरुभूमिदेखि तातो र आर्द्र अमेजन रनफोरेस्टसम्मका यी पर्यावरणहरू अन्वेषण गर्न सक्छन्।

THE SCOTTS MIRACLE-GRO FOUNDATION

## बालबालिका बगैंचा

द स्कट्स मिराकल-ग्रो फाउन्डेशन बालबालिका बगैंचाले परिवारहरूलाई अद्वितीय र स्मरणीय रूपमा प्रकृतिका सक्रिय अनुभवहरू प्रदान गर्छ। ओहायोको भूदृश्य र भूविज्ञानमा जोड दिँदै, बालबालिका बगैंचाले रचनात्मकता, व्यावहारिक अन्वेषण र असंरचनात्मक खेलहरूलाई बढावा दिने 16 गार्डन ग्यालरीहरू प्रदर्शित गर्छ।

## बोटानिकल गार्डनहरू

ग्रान्ड मलवेका औपचारिक बगैंचाहरूमा परिवर्तनीय प्रदर्शनीहरू र प्रचुर बाह्रमासे बारीहरू रहेका छन्। John F. Wolfe पाम हाउस, अर्थात् सन् 1895 मा निर्मित भिक्टोरियन शैलीको ग्लास ग्रीनहाउसको डिजाइन, सन् 1893 को शिकागो विश्व मेला र कोलम्बियन प्रदर्शनीको सफलताबाट प्रभावित र सिटी बिउटिफुल अभियानबाट प्रेरित थियो।

## कन्जर्वेटरी गार्डन क्याफे

ताजा सलाद, स्यान्डविच, सूप र डेसर्टका साथै विभिन्न खाजा र पेय पदार्थहरूको आनन्द लिनुहोस्।

## बोटानिका गिफ्ट शप तथा ग्रीनहाउस

वनस्पति शैलीका बेजोड उपहारहरू, मौसमी बिरुवाहरू, अनि घर सजावट र प्रदर्शनीसँग सम्बन्धित वस्तुहरू प्राप्त गर्नुहोस्।

Franklin Park Conservatory
and Botanical Gardens





## बागवानी उत्कृष्टताको जगमा आधारित

सन् 1852 मा, फ्र्याङ्कलिन काउन्टी कृषि समाजले पहिलो फ्र्याङ्कलिन काउन्टीको मेलाको मेलास्थलको रूपमा डाउनटाउन कोलम्बसको दुई माइल पूर्वपट्टि 88 एकड जमिन खरिद गर्यो। सन् 1874 मा, त्यो भूमिलाई ओहायो राज्य मेलाको आधिकारिक मैदान बनाइयो। ओहायो विधायिकाले सन् 1884 मा त्यो स्थललाई फ्र्याङ्कलिन पार्कको रूपमा घोषणा गर्ने प्रस्ताव पारित गर्यो।

सन् 1895 मा फ्र्याङ्कलिन पार्क यो कन्जर्वेटरीको घर बन्यो, तब कोलम्बस सहरले सिटी बिउटिफुल अभियानको भागको रूपमा भव्य भिक्टोरियन शैलीको ग्लास ग्रीनहाउस निर्माण गर्यो। अहिले John F. Wolfe पाम हाउस भनेर चिनिने यो संरचनाले भावी कन्जर्वेटरी विकासको जग प्रदान गर्यो।

*AmeriFlora 92*, अर्थात् छ महिनाको बागवानी प्रदर्शनीको तयारीमा यो कन्जर्वेटरी पहिलोपटक ग्रीनहाउसभन्दा बाहिर विस्तारित भयो, र यसबाट कोलम्बस, ओहायोलाई अन्तर्राष्ट्रिय स्पटलाइट प्राप्त भयो। यस क्रममा बायोम स्पेसहरू निर्माण गरिए, जुन आज यो कन्जर्वेटरीको इनडोर अवलोकन अनुभवको भागको रूपमा रहेका छन्। *AmeriFlora 92* पछि, कन्जर्वेटरी र वरपरको 28 एकड क्षेत्रको स्वामित्व एक नयाँ 10 सदस्यीय गुठी बोर्ड र एक कार्यकारी निर्देशकलाई प्रदान गरियो।

आज, यो कन्जर्वेटरी कोलम्बसको प्रमुख बागवानी गन्तव्य हो र यो कार्यक्रम र विवाहहरूको लागि लोकप्रिय स्थान पनि हो। वनस्पति बगैंचाको अलावा, यो कन्जर्वेटरीले बगैंचा बनाउने, खाना पकाउने, राम्रो कला र तन्दुरुस्ती सम्बन्धमा विभिन्न प्रकारका कक्षा, कार्यशाला र शिविरहरू उपलब्ध गराउँछ।

## एउटा यस्तो ठाउँ जुन तपाईंजत्तिकै जीवित छ

यो कन्जर्वेटरीमा पुरस्कार-विजेता बगैंचादेखि सम्मोहक प्रदर्शनीसम्म सधैँ केही न केही कुराहरू भइरहन्छ। यो कन्जर्वेटरीका विस्तारित बगैंचा र कला संग्रहहरूले प्रकृतिका आश्चर्यहरूलाई एउटै ठाउँमा ल्याउँछन्। यो कन्जर्वेटरीका बायोमहरूमा संसारभरका 400 भन्दा बढी वनस्पति प्रजातिहरू अवलोकन गर्नुहोस्, र जेम्स टुरलको *लाइट रमेन्ट//* को सौन्दर्य, वा डेल चिहुलीको जटिल ग्लास संरचनाहरूको आश्चर्यको आनन्द लिनुहोस्।

**वर्तमान प्रदर्शनीहरू हेर्न स्क्यान गर्नुहोस्।**

## सदस्य बन्नुहोस्

तपाईंले कन्जर्वेटरी सदस्यताको लागि आज प्रवेशमा आवेदन दिन सक्नुहुन्छ! कन्जर्वेटरी अवलोकन अनुभवको पूर्ण फाइदा लिन आजै सदस्य बन्नुहोस्। प्रकृति आधारित पहुँच र शिक्षा कार्यक्रमहरूमार्फत समुदायलाई बलियो बनाउने कन्जर्वेटरीको उद्देश्यमा साथ दिँदै वर्षैभरि वनस्पति बगैंचाहरूको आनन्द लिनुहोस्।

## तपाईंको भ्रमणले समुदायलाई सहयोग मिल्छ

सुन्दर प्राकृतिक स्थानहरूको अलावा, यो कन्जर्वेटरीले समुदायलाई प्रकृतिसँग जोड्न धेरै कार्यक्रमहरू उपलब्ध गराउँछ। आरक्ष क्षेत्रभित्र र बाहिर समुदायमा सबै उमेरको लागि तय गरिएका प्रचुर शैक्षिक कार्यक्रमहरूले समालोचनात्मक सोच र समस्या समाधानमा सहयोग पुर्याउने प्राकृतिक विज्ञानहरूको व्यवहारिक सिकाइ उपलब्ध गराउँछ। यसअलावा, यो कन्जर्वेटरी सबैलाई स्वागत गर्दै, आफ्ना कार्यक्रम, प्रदर्शनी र बगैंचाहरू सबैको पहुँचयोग्य बनाउन विविध पहलहरू गरिने स्थान बन्न प्रतिबद्ध रहेको छ।

## फ्र्याङ्कलिन पार्कमा हेर्नको लागि थप कुराहरू

कोलम्बस पार्कको सुन्दर सहर फ्र्याङ्कलिन पार्कमा रमाइलो गर्नको लागि प्रकृतिका थुप्रै कुराहरू छन्, जुन बिहानदेखि साँझसम्म आम जनमानसको लागि नि:शुल्क खुला रहन्छ।

डेलिली बगैंचा घुम्नुहोस्, र क्रेन कोनिफर र सजावटी घाँस संग्रहको बागवानी प्रजातिहरूमाझ पिकनिक मनाउनुहोस्। खेल मैदानमा स्विङ र स्लाइडको आनन्द लिनुहोस्, वा द स्कट्स मिरकल-ग्रो कम्पनी कम्युनिटी गार्डन क्याम्पसमा बगैंचा बनाउने ज्ञान सिक्नुहोस्।

*केही अवसरहरूमा, कन्जर्वेटरीले शैक्षिक र/वा प्रचारात्मक उद्देश्यको लागि अतिथिहरूको फोटो वा भिडियो खिच्नेछ।*
*कन्जर्वेटरीमा प्रवेश गरपछि, र भर्चुअल प्रोग्रामिङमा दर्ता भएपछि, यी इमेजहरू प्रयोग गर्न अनुमति दिइएको मानिन्छ।*

1777 East Broad Street | 614.715.8000 | fpconservatory.org |